प.सं. ०७९/०८०
च.नं.

मिति : २०७९/०४/२५

## कर्मचारी आवश्यकता सम्बन्धी सूचना ॥

प्रथम पटक प्रकाशित मिति : २०७९।०४।२५

रुन्टीगढी गाउँ कार्यपालिकाको कार्यालय होलेरी, रोल्पामा देहाय बमोजिमका पदहरुमा सेवा करार लिनुपर्ने भएकोले यो सूचना प्रकाशन भएको मितिले १५ दिनभित्र यस रुन्टीगढी गाउँ पालिकाको कार्यालयमा दरखास्त दिनुहुन सम्वन्धित सबैमा जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । दरखास्त फारम, कार्य विवरण, सेवा शर्तहरु सहितको विस्तृत विवरण कार्यालयबाट वा वेबसाईट https://runtigadhimun.gov.np/ बाट उपलब्ध हुनेछ ।

| क. सं. | विज्ञापन नं. | पद | तह | संख्या | कै |
|---|---|---|---|---|---|
| १ | ०१/०७९/८० | रोजगार सहायक | पाँचौं | १ | |
| २ | ०२/०७९/८० | मनोसामाजिक परामर्शकर्ता | पाँचौं | १ | |
| ३ | ०३/०७९/८० | वित्तीय साक्षरता सहजकर्ता | पाँचौं | १ | |
| ४ | ०४/०७९/८० | रिटर्नी स्वयंसेवक (आंशिक) | श्रेणी विहीन | ३ | |
| ५ | ०५/०७९/८० | हलुका सवारी चालक | श्रेणी विहीन | १ | |

### १. रोजगार सहायक

- आवश्यक न्यूनतम योग्यता र अनुभव: नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा प्रवीणता प्रमाण पत्र तह वा सो सरह उतिर्ण गरेको । आधारभूत कम्प्यूटर सीप सम्बन्धी कम्तीमा ३ महिनाको तालिम लिएको ।
- सेवा सुविधा तथा अन्य: स्थानीय तहमा प्राविधिक सहायक र रोजगार सहायक पदपूर्ति सम्बन्धी मापदण्ड, २०७८ बमोजिम हुनेछ ।

### २. मनोसामाजिक परामर्शकर्ता :

- आवश्यक न्यूनतम योग्यता र अनुभव: सामी कार्यक्रम अन्तर्गत मनोसमाजिक परामर्श सम्बन्धी ६ महिना तालीम प्राप्त मनोसामाजिक परामर्शकर्ताको सन्दर्भमा,
- कम्तिमा प्रवीणता प्रमाणपत्र तह वा १०+२ वा सो सरह उत्तिर्ण गरी मनोसामाजिक परामर्श सम्वन्धी ६ महिने तालीम लिई सुरक्षित वैदेशिक रोजगारीको क्षेत्रमा काम गरेको स्थानीय महिलालाई विशेष प्राथमिकता दिईनेछ ।



२०७९/०४/२५
नि. प्रमुख प्रशासकीय अधिकृत

नयाँ मनोसामाजिक परामर्शकर्ताको सन्दर्भमा :

- नयाँ मनोसमाजिक परामर्शकर्ता छनौट गर्दा स्वास्थ्य तथा जनसंख्या मन्त्रालय अन्तरगतको राष्ट्रिय स्वास्थ्य तालीम केन्द्रले विकास गरेको तथा स्वास्थ्य मन्त्रालयले स्वीकृत गरेको तालीम पाठ्यक्रमले तोकेको योग्यता भएको हुनु पर्नेछ।जुन निम्नानुसार छ:
- मान्यताप्राप्त शैक्षिक संस्थाबाट हेल्थ असिस्टेन्ट, स्टाफ नर्स वा मान्यता प्राप्त विश्वद्यालयबाट पब्लिक हेल्थ, मनोविज्ञान, समाजशास्त्र, सोसिएल वर्कमा स्नातक तह, बि.एड.स्वास्थ्य शिक्षा, पोष्ट ग्राजुएट डिप्लोमा इन काउन्सेलिङ उत्तीर्ण गरेको ।
- मनोसामाजिक परामर्श सम्बन्धी तालीम प्राप्त गरी सोही क्षेत्रमा अनुभव भएको स्थानीय महिलालाई विशेष प्राथमिकता दिईनेछ।

३. वित्तीय साक्षरता सहजकर्ता :

- आवश्यक न्यूनतम योग्यता र अनुभव: न्यूनतम प्रवीणता प्रमाण पत्र तह वा १०+२ उतिर्ण, प्रौढ शिक्षा वा बयस्क साक्षरता वा अध्यापनमा २ बर्षको अनुभव भएको, सुरक्षित वैदेशिक रोजगारीको क्षेत्रमा काम गरेकोलाई प्राथमिकता दिईनेछ।

४. रिटर्नी स्वयंसेवक(आंशिक) :

- आवश्यक न्यूनतम योग्यता र अनुभव: न्यूनतम् कक्षा १० पास गरी वैदेशिक रोजगार (खाडी मुलुक र मलेसिया) मा गई कम्तीमा १ वर्ष काम गरेको अनुभव भएको । सुरक्षित वैदेशिक रोजगारीको क्षेत्रमा काम गरेकोलाई प्राथमिकता दिईनेछ।

५. हलुका सवारी चालक :

- आवश्यक न्यूनतम योग्यता र अनुभव: हलुका सवारी चालक अनुमती पत्र प्राप्त गरेको हुनुपर्नेछ । स्थानीय र अनुभवीलाई प्राथमिकता दिइने छ ।

६. आवेदनका साथ संलग्न कागजातहरु:

क) नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि
ख) लब्धाङ्क पत्र र चारित्रिक प्रमाणपत्र प्रतिलिपि
ग) तालिमको प्रमाण पत्र
घ) कामसँ ग सम्बन्धित अनुभव भए सोको कागजात
ङ) २ प्रति पासपोर्ट साईजको फोटो

पेश गरेको सबै प्रतिलिपिको पछाडी उम्मेदवार स्वयमले हस्ताक्षर गरि प्रमाणित गनुपर्नेछ ।



नि. प्रमुख प्रशासकीय अधिकृत

७. उम्मेदवारको उमेर : विज्ञापन नं. ०१/०७९/८०, ०२/०७९/८०, ०३/०७९/८०, ०५/०७९/८० को लागि दरखास्त दिने अन्तिम मितिमा १८ वर्ष पुरा भई ४५ वर्ष ननाघेको र विज्ञापन नं. ०४/०७९/८० को लागि दरखास्त दिने अन्तिम मितिमा १८ वर्ष पुरा भई ५८ वर्ष ननाघेका साथै विज्ञापन नं. ०४/०७९/८० को हकमा वैदेशिक रोजगारीमा (खाडी मुलक र मलेसिया) गई कम्तिमा १ वर्ष कामगरि स्वदेश फर्किएको हुनुपर्ने छ ।

८. आवेदन दस्तुर : विज्ञापन नं. ०१, ०२ र ०३ को लागि रु ५०० र विज्ञापन नं. ०४ र ०५ को लागि रु ३००।

९.परिक्षा मिति : पछि तोकिनेछ ।

१०. करार अवधि : आ. व. २०८० को असार मसान्त सम्म हुनेछ ।कार्य सम्पादन मूल्याङ्कनको आधारमा म्याद थप गर्न सकिने छ ।

११. तलव तथा अन्य सुविधा : गाउँ कार्यपालिकाको निर्णय अनुसार तथा कार्यक्रमको नियमानुसार ।

१२. दरखास्त दस्तुर : यस गाउँ पालिकाको राष्ट्रिय बाणिज्य बैंकको आन्तरिक राजश्व खाता नं. ४३१०१००३०१०१०००२ मा रकम जम्मा गरि सो सक्कल भौचर पेश गर्नुपर्नेछ ।

१३. निवेदन बुझाउने स्थान : रुन्टिगढि गाउँपालिकाको कार्यालय, होलेरी रोल्पा ।

१४.दरखास्त बुझाउने अन्तिम मिति २०७९।०५।०८ गते कार्यालय समय भित्र बुझाउनु पर्नेछ । आवेदन दिने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा कार्यालय खुलेको दिन कार्यालय समय भित्र बुझाउन सकिनेछ ।

१५.छनौटको किसिम : प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन र लिखित परीक्षा, अर्न्तवार्ता तथा प्रयोगात्मक परीक्षा ।

सानुबाबु खड्का
नि. प्रमुख प्रशासकीय अधिकृत